कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/२९ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | नितिश फुड्स, काठमाडौं-२६, गोंगबु | • तेलको TPM परीक्षण गर्दा २९ पाइएको<br>• सरसफाइ सामान्य रहेको<br>• अनुज्ञापत्र प्रक्रिया पुरा नभएको<br>• मिठाईहरूमा Time card नलगाएको<br>• Pest control को व्यवस्था पर्याप्त नभएको<br>• खुवा तथा विभिन्न मिठाईहरूको ५ थान नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा कैफियत नपाइएको | • TPM २९ पाइएको करिब ५ लिटर तेल नष्ट गरिएको।<br>• खाद्य अनुज्ञापत्रको दायरामा यथाशीघ्र छिटो खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा आउने, Pest control को उचित व्यवस्था गर्ने र देखिएको कैफियतहरू सुधार गरी खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको। |
| २. | प्रिया स्विट एण्ड चाट हाउस, काठमाडौं-३, नारायण गोपाल चोक | • सरसफाइ सामान्य रहेको<br>• तेलको TPM परीक्षण गर्दा १० पाइएको<br>• Synthetic food color प्रयोग गर्ने गरेको<br>• Pest control को व्यवस्था पर्याप्त नभएको<br>• मिठाईहरूमा Time card नराखेको<br>• तयारी खाने कुरामा लेबल नलगाएको<br>• सरसफाइको केमिकलहरू खाने कुरा सँगै राखेको<br>• दुग्ध पदार्थबाट बनेका खाने कुराको ४ थान नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा कैफियत नपाइएको | • देखिएको कैफियतहरू सुधार गरी खाद्य स्वच्छता कायम गर्ने, Synthetic food color प्रयोग गर्दा मापदण्ड बमोजिम गर्ने, Pest control को व्यवस्था मिलाउने र तयारी खाने कुरामा लेबलको व्यवस्था गर्ने निर्देशन दिएको। |
| ३. | जगदम्बा स्विट्स एण्ड चाट हाउस, काठमाडौं-३, नारायण गोपाल चोक | • तेलको TPM परीक्षण गर्दा २३ पाइएको<br>• तयारी खाने कुरामा लेबल नलगाएको<br>• मिठाईहरूमा Time card नराखेको<br>• Synthetic food color को उचित प्रयोग नभएको<br>• सरसफाइमा कमी भएको<br>• किचनमा साँङ्लाहरुको संक्रमण पाइएको | • TPM बढी भएको ४ लिटर तेल नष्ट गरिएको।<br>• दुग्ध पदार्थबाट बनेका ३ थान मिठाईको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा बर्फीको नमुनामा कैफियत पाइएको हुँदा अन्दाजी १ के.जी. बर्फी नष्ट गरिएको। |

| | | | |
|---|---|---|---|
| | | • फ्रिजको अव्यवस्थित प्रयोग गरेको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको | • देखिएको कैफियतहरू सुधार गरी खाद्य स्वच्छता कायम गर्ने, Pest control को व्यवस्था मिलाउने, तयारी खाने कुरामा लेबलको व्यवस्था गर्ने, फ्रिजको व्यवस्थित प्रयोग गर्ने, मिठाईहरूमा Time card लगाउने र पकाएर खाने कुरामा Synthetic food color को प्रयोग नगर्ने निर्देशन दिएको। |
| ४. | काठमाडौं स्विट्स एण्ड स्न्याक्स्, बसुन्धारा, काठमाडौं | • सरसफाइ सामान्य रहेको<br>• दर्ता नभएको (आजकै मितिमा उद्घाटन भएको)<br>• तेलको TPM परीक्षण गर्दा ११ पाइएको<br>• ४ थान मिठाईहरूको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा कैफियत नपाइएको | • यथाशीघ्र दर्ता प्रक्रियामा जाने र खाद्य स्वच्छता मापदण्ड पालना गरी संचालन गर्ने निर्देशन दिएको। |
| ५. | युनाइटटेड डिस्ट्रिब्युटर्स नेपाल प्रा.लि., ललितपुर मा.न.पा-०८, बालकुमारी | • सरसफाइ सामान्य रहेको<br>• Pest control को व्यवस्था रहेको<br>• केही खाद्य वस्तु प्रत्यक्ष भुइँमा भण्डारण गरेको<br>• Expired zone को व्यवस्था भएको | • खाद्य स्वच्छता कायम राख्ने र खाद्य वस्तु भण्डारण गर्दा pellet माथि राख्ने निर्देशन दिएको। |
| ६. | एशियन डिस्ट्रिब्युटर्स नेपाल प्रा.लि., ललितपुर मा.न.पा-०८, बालकुमारी | • सरसफाइ सन्तोषजनक पाइएको<br>• Expired zone तथा return zone राखेको<br>• Pest control को व्यवस्था सामान्य रहेको<br>• सम्पूर्ण आवश्यक कागजात उपलब्ध गराएको | • खाद्य स्वच्छता कायम राख्ने र खाद्य तथा अखाद्य वस्तु अलग-अलग भण्डारण गर्ने निर्देशन दिएको। |
| ७. | श्री विन्दवासिनी स्विट एण्ड चाट हाउस, टोखा न.पा.-०९, सामाखुसी | • सरसफाइमा कमी कमजोरी पाइएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• खाद्य वस्तु नछोपी भण्डारण गरेको<br>• फ्रिजको अव्यवस्थित प्रयोग गरेको<br>• तेलको TPM परीक्षण गर्दा ९ पाइएको | • खाद्य स्वच्छता कायम राख्ने, Pest control को व्यवस्था मिलाउने, फ्रिजको व्यवस्थित प्रयोग गर्ने र खाद्य वस्तु छोपेर राख्ने निर्देशन दिएको। |
| ८. | कर्मविनायक स्विट्स एण्ड चाट सेन्टर, सामाखुसी, टोखा | • सरसफाइ सन्तोषजनक नपाइएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नपाइएको<br>• खाद्य रंगको अव्यवस्थित प्रयोग गरेको<br>• फ्रिजको अव्यवस्थित प्रयोग गरेको<br>• तेलको TPM परीक्षण गर्दा ३५ पाइएको | • TPM बढी भएको ३.५ लिटर तेल नष्ट गरिएको।<br>• कैफियतमा भएका विवरण सुधार गर्ने र प्रमाण सहित विभागमा उपस्थित हुने निर्देशन दिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ८ वटा बिक्री केन्द्र लगायत होटल/रेष्टुरेन्ट** | | | |

Bsharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०६/२९